# पूर्वाञ्चल विश्वविद्यालय

## गोठगाँऊ, मोरङ्ग, नेपाल

**छात्रवृत्ति सम्बन्धी विनियमावली २०७८**

# पूर्वाञ्चल विश्वविद्यालय
# छात्रवृत्ति सम्बन्धी विनियमावली - २०७८

पूर्वाञ्चल विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय, इन्जिनियरिङ्ग संकाय र चिकित्साशास्त्र संकायका आंगिक तथा सम्बन्धन प्राप्त कलेज/क्याम्पस/स्कूलबाट प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित एवं संस्थागत गर्न आवश्यक भएकोले यो विनिमय बनाइएको छ । यो विनियम बमोजिम विज्ञान तथा प्रविधि संकाय,इन्जिनियरिङ्ग संकाय तथा चिकित्साशास्त्र संकाय अन्तर्गतका सम्पूर्ण आंगिक तथा सम्बन्धन प्राप्त कलेज/क्याम्पस/स्कूलहरुले भर्ना भएका कुल विद्यार्थी संख्याको आधारमा ५% प्रतिशतलाई जेहेन्दार छात्रवृत्ति र ५% प्रतिशतलाई आरक्षित छात्रवृत्ति गरि जम्मा १० (दश) प्रतिशत छात्रवृत्ति उपलब्ध गराइने छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस विनियमको नाम पूर्वाञ्चल विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी विनियम २०७८ रहने छ ।

(ख) यो विनियम पूर्वाञ्चल विश्वविद्यालयको कार्यकारी परिषद्बाट पारित भएको मितिबाट लागू हुनेछ ।

## २. परिभाषाः

छात्रवृत्ति भन्नाले अध्ययन गर्ने इच्छा भएका जेहेन्दार एवं विविध कारणबाट अध्ययनको अवसरबाट बन्चित विभिन्न वर्ग, क्षेत्र र लिङ्गका विद्यार्थीहरुलाई छात्रवृत्तिमा तोकेबमोजिमको छुट सुविधा दिई अध्ययनको अवसर उपलब्ध गराउने व्यवस्थालाई जनाउनेछ ।

**(२.१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा :**

(क) विश्वविद्यालय भन्नाले पूर्वाञ्चल विश्वविद्यालयलाई सम्झनुपर्दछ ।

(ख) समिति भन्नाले विनियम ७ अनुसार गठित छात्रवृत्ति छनौट समितिलाई सम्झनुपर्दछ ।

(ग) छात्रवृत्ति भन्नाले विनियम ४ बमोजिमको विद्यार्थीहरुलाई दिइने छात्रवृत्तिलाई सम्झनुपर्दछ ।

(घ) सरकारी/सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारको अनुदानमा वा समुदायको आर्थिक सहयोगमा सञ्चालन भएका विद्यालयलाई बुझ्नुपर्दछ । यसले समुदायलाई हस्तान्तरण गरेको सरकारी विद्यालयलाई समेत जनाउनेछ ।

(ङ) शैक्षिक संस्था भन्नाले पूर्वाञ्चल विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज/स्कुलहरुलाई सम्झनुपर्दछ ।

(च) कार्यक्रम भन्नाले पूर्वाञ्चल विश्वविद्यालयबाट सञ्चालित शैक्षिक उपाधि दिने प्रयोजनको लागि शैक्षिक संस्थाहरुले सञ्चालन गरेको सम्बन्धित विषयको कार्यक्रमलाई सम्झनुपर्दछ ।

(छ) जनआन्दोलनमा घाइते भन्नाले जनआन्दोलन २०४६, जनआन्दोलन २०६२/६३, मधेश आन्दोलन र जनयुद्ध एवं द्वन्दमा घाइते भई स्थायीरुपमा अपाङ्ग भएकाहरु र तिनका आश्रितलाई सम्झनुपर्दछ ।

(ज) शिक्षक र कर्मचारी भन्नाले विश्वविद्यालयको आंगिक शैक्षिक संस्था र यसका विभिन्न निकायमा कार्यरत शिक्षक र कर्मचारीहरुलाई सम्झनुपर्दछ ।

## ३. उद्देश्यः

यो विनियमको उद्देश्य पूर्वाञ्चल विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय, इन्जिनियरिङ्ग संकाय र चिकित्साशास्त्र संकायबाट सञ्चालित शैक्षिक संस्थाहरुबाट प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित र संस्थागत गर्नुहुनेछ ।

## ४. छात्रवृत्तिको प्रकारः

(४.१) पूर्वाञ्चल विश्वविद्यालयले निम्न प्रकारका छात्रवृत्ति उपलब्ध गराउने छः
(क) जेहेन्दार छात्रवृत्ति (ख) आरक्षित छात्रवृत्ति

(४.२) **जेहेन्दार छात्रवृत्तिः** प्रत्येक क्याम्पस/कलेज/स्कूलले कुल भर्ना भएका विद्यार्थी संख्याको ५% विद्यार्थीलाई जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउने छ । यसरी उपलब्ध गराइने जेहेन्दार छात्रवृत्ति पहिलो सेमेस्टर वार्षिक परीक्षाको हकमा पूर्वाञ्चल विश्वविद्यालयबाट लिइने प्रवेश परीक्षामा उच्चतम अंक प्राप्त गर्ने र सोही परीक्षाबाट उतिर्ण भएका विद्यार्थीलाई उपलब्ध गराइनेछ ।

(४.३) जेहेन्दार छात्रवृत्ति पाउने व्यक्तिले सम्बन्धित क्याम्पस/कलेज/ स्कूलमा भर्ना लिदा उक्त क्याम्पस/कलेज/स्कूलले निर्धारण गरेको सेमेस्टर वा बार्षिक कुल शुल्कको ८०% (असी) प्रतिसत छात्रवृत्ति पाउने छन् ।

(४.४) **आरक्षित छात्रवृत्तिः** प्रत्येक क्याम्पस/कलेज/स्कूलले कुल भर्ना भएका विद्यार्थी संख्याको ५% विद्यार्थीलाई आरक्षित छात्रवृत्ति उपलब्ध गराउने छ । विभिन्न कारणले पछाडी परेको वर्ग, क्षेत्र, जात-जाति, लिंग आदिलाई अवसर उपलब्ध गराउने उद्देश्यले प्रदान गरिने छात्रवृत्तिलाई मानिएको छ ।

(४.५) आरक्षित छात्रवृत्तिमा आवेदन गर्नका लागि नेपाली नागरिक हुनु पर्ने छ र आवेदन गर्नका लागि तपसिलका समुहले प्रतिस्पर्धा गर्नेछन ।

(क) दलित (ख) जनजाति
(ग) दुर्गम (घ) अपाङ्ग
(ङ) महिला (च) विपन्न वर्ग
(छ) वेपत्ता पारिएका तथा शहिदका परिवार
(ज) जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते
(झ) मधेशी (ञ) मुसलमान
(ट) द्वन्द पिडित तथा विस्थापित (ठ) पूर्व कमैया हलिया
(ड) एकल महिला

(४.६) आरक्षित छात्रवृत्ति पाउने विद्यार्थीहरूलाई रजिष्ट्रेसन शुल्क र परीक्षा शुल्क वाहेक अरू कुनै शुल्क कूनै पनि निकायले लिन पाउने छैन ।

(४.७) आरक्षित छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीहरूले पूर्वाञ्चल विश्वविद्यालयबाट आरक्षित छात्रवृत्तिका लागि तयार पारेको online फारममा उल्लेख गर्नु पर्नेछ ।

(४.७.१) स्नातक तहको छात्रवृत्तिको मूल्यांकन भार १०० हुनेछ र उक्त वर्गिकरण निम्न बमोजिम हुनेछ । तर पूर्वाञ्चल विश्वविद्यालयवाट लिइने प्रवेश परीक्षामा कम्तिमा ३३% अंक हासिल गर्न नसकेको परीक्षार्थिको मुल्याकन गरिनेछैन ।

| | | |
|---|---|---|
| (क) | प्रवेश परीक्षाको प्राप्ताङ्क प्रतिशतको | २५% |
| (ख) | SEE वा सो सरहका परीक्षाको प्राप्ताङ्क प्रतिशतको | ५% |
| (ग) | +2 Science /A Level वा सो सरहका परीक्षाको प्राप्ताङ्क प्रतिशतको | १०% |
| (घ) | सरकारी/सामुदायिक विद्यालयबाट SEE वा सो सरहका परीक्षा दिएको परीक्षार्थी | ५ |
| (ङ) | सरकारी /सामुदायिक कलेजबाट +2 science / A Level वा सो सरहका परीक्षा दिएको परीक्षार्थी | ५ |
| (च) | महिला | १० |
| (छ) | दलित /आदिवासी /जनजाती /मधेशी /मुसलमान | १० |
| (ज) | पिछडीएको दुर्गम क्षेत्रका परीक्षार्थी | १० |
| (झ) | वेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवार/अपाङ/जनआन्दोलन एवम् मधेश जनआन्दोलनमा घाइते परिवार/द्वन्दपिडित /विस्थापित/ एकल महिला | १० |
| (ञ) | पूर्व कमैया/हलिया/विपन्न वर्ग | १० |

(४.७.२) स्नातकोत्तर तहको छात्रवृत्तिको मूल्याकन भार १०० हुनेछ र उक्त वर्गिकरण निम्न बमोजिम हुनेछ । तर पूर्वाञ्चल विश्वविद्यालयवाट लिइने प्रवेश परीक्षामा इन्जिनियरिङ्ग संकाय र विज्ञान तथा प्रविधि सकाय तर्फ कम्तिमा ४०% र चिकित्साशास्त्र सकाय तर्फ कम्तिमा ५०% अंक हासिल गर्न नसकेको परीक्षार्थिको मुल्यांकन गरिनेछैन ।

| | | |
|---|---|---|
| (क) | प्रवेश परीक्षाको प्राप्ताङ्क प्रतिशतको | २५% |
| (ख) | सरकारी सामुदायिक विद्यालयबाट SEE वा सोसरह को प्राप्ताङ्क प्रतिशतको | ५% |
| (ग) | सरकारी सामुदायिक कलेजबाट +2 Science /A level वा सोसरह को प्राप्ताङ्क प्रतिशतको | ५% |
| (घ) | स्नातक वा सो सरहका परीक्षाको प्राप्ताङ्क प्रतिशतको | १५% |
| (ङ) | महिला | १० |
| (च) | दलित/आदिवासी/जनजाती/मधेशी/मुसलमान | १० |
| (छ) | पिछडीएको दुर्गम क्षेत्रका परीक्षार्थी | १० |
| (ज) | वेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवार/अपाङ्ग/जनआन्दोलन एवम् मधेश जनआन्दोलनमा घाइते परिवार/द्वन्दपिडित/विस्थापित/ एकल महिला | १० |
| (झ) | पूर्व कमैया/हलिया/विपन्न वर्ग | १० |

(४.८) विद्याथीहरूले उतिर्ण गरेको तहको प्रष्टरूपमा प्रतिशत खुलेको शैक्षिक प्रमाणपत्रहरू पेस गर्नुपर्नेछ । प्रष्ट प्रतिशत नभएको/नखुलेको हकमा विद्यार्थीले प्राप्त गरेको ग्रेडको न्यूनतम प्रतिशतलाई मानिनेछ ।

(४.९) पूर्वाञ्चल विश्वविद्यालयका शिक्षक/कर्मचारीहरू एवं निजका सन्ततीहरूलाई उपलब्ध गराईने छात्रवृति सम्बन्धी व्यवस्था विश्वविद्यालयको निर्णयानुसार हुनेछ ।

५.	प्रत्येक कार्यक्रममा ५% जेहेन्दार र ५% आरक्षित समुह गरि दुई समुहमा छात्रवृत्ति विभाजन गरिएको छ । छात्रवृत्ति प्रदान गर्दा विजोर संख्या हुन आएमा आरक्षित समुहको संख्या बढि हुनेछ । कुनै पनि कार्यक्रममा कम्तिमा १० जना विद्यार्थी भर्ना भए मात्र एक जनाले छात्रवृत्ति पाउने छ । एक जनाले मात्र पाउने भएमा उक्त छात्रवृत्ति जेहेन्दार समुहका विद्यार्थीले प्राप्त गर्नेछ तर सिट संख्या तीन भएमा एक जना जेहेन्दार र दुई जना आरक्षित समुहको हुनेछ भने **पाँच** भएमा दुई जेहेन्दार समुह र तीन आरक्षित समुहका लागी प्रदान गरिनेछ । छात्रवृत्ति प्रदान गर्दा विद्यार्थी भर्ना संख्याको कोटा पछाडि '0' उल्लेख भएको अंकको आधारमा तोकिनेछ । जस्तै १० मा १ जना, २० मा २ जना, ३० मा ३ जना, ४० मा ४ जना, ५० मा ५ जना, ६० मा ६ जनालाई र एवम् प्रकारले छात्रवृत्ति प्रदान गरिनेछ । १० ले भाग गर्दा ०.५ भन्दा बढि अंक भएमा १ (एक) मानि छात्रवृत्ति प्रदान गरिनेछ ।

(५.१) जेहेन्दार छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अनिवार्यरूपमा वार्षिक वा सेमेष्टरको अन्तिम परीक्षामा उच्चतम अकं ल्याइ उत्तिर्ण गर्नु पर्ने छ । यदि वार्षिक वा सेमेष्टर परीक्षामा अनुतिर्ण भएमा वा उच्चतम अंक नल्याएमा आउँदो सेमेस्टर वा बर्ष देखि विद्यार्थीले पाउने छात्रवृत्ति स्वतः खारेज हुनेछ । उक्त रिक्त भएका जेहेन्दार छात्रवृत्ति पूर्वाञ्चल विश्वविद्यालयले लिइने सेमेस्टर वा वार्षिक परीक्षामा उच्चतम अंक प्राप्त गर्ने विद्यार्थीलाई प्रदान गरिनेछ । यसरी सेमेस्टर वा वार्षीक परीक्षामा जेहेन्दार छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु परीवर्तन हुन सक्नेछन् । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको प्रत्येक सेमेस्टर वा वर्षको रिजल्ट सम्बन्धित जानकारी क्याम्पसले सम्बन्धित डीन संकायमा अनिवार्यरुपमा पठाउनु पर्नेछ ।

(५.२) आरक्षित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अध्ययन लाई निरन्तरता दिएमा अन्तिम सेमेष्टर सम्म छात्रवृत्ति प्रदान गरिने छ ।
आरक्षित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अध्ययन लाई निरन्तरता नदिएमा उक्त छात्रवृत्ति सोहि समुहको बैकल्पिक विद्यार्थीलाइ प्रदान गरि सोको जानकारी कलेजले सम्बन्धित डीन संकायलाई अनिवार्यरुपमा गराउनु पर्नेछ ।

(५.३) छात्रवृत्तिमा छनौट भएका विद्यार्थी सम्बन्धित क्याम्पस कलेजमा भर्ना हुन नआएमा योग्यताक्रमको आधारमा उच्चतम अंक प्राप्त गर्ने सोही समूहको विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छ ।

(५.४) आरक्षित छात्रवृत्तिमा अनुतिर्ण भएमा वा बैकल्पिक उम्मेदबार समेत नभएको अवस्थामा वा आवेदन नपरेमा, आरक्षित तर्फका सबै रिक्त छात्रवृत्तिहरु जेहेन्दार छात्रवृत्ति तर्फ परिणत हुनेछ ।

(५.५) आरक्षणमा निवेदन दिने विद्यार्थी जेहेन्दार सुचिमा पर्ने भएमा निजले आरक्षण छात्रवृत्ति नपाउने भए पनी जेहेन्दार छात्रवृत्तिमा छनौट हुन सक्नेछ ।

६.	एक क्याम्पसमा छात्रवृति पाउँ भनि निवेदन दिएको विद्यार्थीले अर्को क्याम्पसमा छात्रवृत्ति प्राप्त गर्न सक्नेछैन ।

**७. छात्रवृत्ति छनौट समितिः**

(७.१) यस विनियम अनुसार छात्रवृत्तिको उम्मेदवार छनौट गर्ने कार्यको लागि छात्रवृत्ति छनौट समिति कार्यकारी परिषदबाट गठन हुनेछ ।

(७.२) संयोजकले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको कुनै बिशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ र निज विशेषज्ञले अन्य सदस्यहरूले पाए सरह बैठक भत्ता पाउनेछ ।

(७.३) छात्रवृति छनौट समितिको बैठक सम्बन्धी कार्यविधी सोही समितिले तोके बमोजिम हुनेछ .

**८. छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार :**

(८.१) छात्रवृत्ति छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) नियम ४ अनुसारको छात्रवृत्ति सख्या निर्धारण गर्ने ।

(ख) छात्रवृत्ति सम्बन्धी सूचना राष्ट्रिय स्तरको सञ्चार माध्यमबाट र विश्वविद्यालयको website को माध्यमबाट सार्वजनिक रूपमा सूचित गर्ने ।

(ग) छात्रवृत्ति छनौट भएका उम्मेदवारहरूको योग्यताकम प्रकाशित गरी सम्बन्धित क्याम्पसमा पठाउने ।

(घ) आवश्यक परेमा विभिन्न उप-समिति गठन गरी आवश्यक कार्य छिटो तथा मर्यादित ढङ्गले सम्पन्न गर्ने/गराउने ।

(ङ) छात्रवृत्ति सम्बन्धी काम सम्पन्न गर्नको लागि आवश्यक अन्य काम गर्ने गराउने ।

(च) छात्रवृत्ति सम्बन्धी तोकिएको काम गर्ने/गराउने ।

(छ) प्रवेश परीक्षा समितिसंग समन्वय गरी कार्य गर्ने ।

(८.२) छात्रवृति छनौट प्रवेश परीक्षा सम्बन्धी कार्य गर्दा/ गराउदा विशेषज्ञ तथा परीक्षामा संलग्न कर्मचारी र शिक्षकहरूलाई दिइने पारीश्रमिक विश्वविद्यालयले तोकेबमोजिम हुनेछ ।

**९. सार्वजनिकरूपमा सूचना गर्नुपर्ने :**

(९.१) सार्वजनिक सूचना प्रकाशन गर्दा देहाय बमोजिमका कुराहरू खुलाउनु पर्नेछ :

(क) छात्रवृत्तिमा उम्मेदवार हुनको लागि चाहिने न्यूनतम योग्यता

(ख) छात्रवृत्तिको लागि दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक प्रमाणहरू

(ग) दरखास्त दिने स्थान र ढाँचा

(घ) परीक्षा दस्तुर

(ङ) आवेदन दिएका विद्यार्थीहरूले शैक्षिक योग्यताको प्रमाणित प्रमाणपत्र र स्पष्ट रूपमा प्राप्ताङ्क प्रतिशत / ग्रेड खुलेको कागजात online मार्फत upload गर्नु पर्ने छ । अन्यथा निजको आवेदन रद्द हुनेछ ।

(च) प्रवेश परीक्षाको फारम भर्दा आरक्षित समुहमा संकेत गर्नु पर्नेछ र आवश्यक प्रमाणपत्रहरू अनिवार्यरूपमा संगै सलग्न गर्नु पर्ने छ । पछि बुझाएका कुनै पनि प्रमाणपत्रहरू मान्य /स्वीकृत हुने छैन् ।

(छ) परीक्षा सम्बन्धी अन्य आवश्यक कुराहरू ।

(ज) आवेदन गरेका विद्यार्थीहरूले पेश गर्नु पर्ने प्रमाणित प्रमाणपत्रहरू नियम ११.२ अनुसार हुनेछ ।

(झ) विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयवाट उतीर्ण भएका विद्यार्थीहरूले Equivalent गरेको को प्रमाण पत्र साथै स्पष्टरूपमा प्राप्ताङ्क प्रतिशत खुलेको कागजात पेश गर्न पर्ने छ, अन्यथा निजको आवेदन रद्द हुनेछ।

## १०. छात्रवृत्ति उम्मेदवार हुनको लागि आवश्यक न्युनतम योग्यता :

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र सर्तहरू पूरा भएको हुनुपर्ने छ :

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्ने छ ।

(ख) आरक्षित छात्रवृत्तिका लागि दरखास्त दिने उम्मेदवारहरूले आफु कुन समुहबाट आवेदन गर्ने हो । सोको अधिकारीक प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

(ग) पूर्वाञ्चल विश्वविद्यालयले तोकेको न्युनतम शैक्षिक योग्यता पुगेको हुनुपर्नेछ ।

## ११. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक कागजातहरू:

(११.१) सबै प्रकारका छात्रवृत्तिका लागि दरखास्त दिदा दरखास्तका साथ देहायका प्रमाणीत कागजातहरू पेश गर्नुपर्ने छ ।

(क) नागरिकताको प्रतिलिपि,

(ख) SEE वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रहरू तथा विद्यालयले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(ग) NEB (+2 Science)/A level वा सो सरहको परीक्षामा प्राप्ताङ्क एकिकृत अभिलेख (Transcript) र सम्बन्धित शैक्षिक संस्थाले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(घ) विद्याथीहरूले उतिर्ण गरेको तहको प्रष्टरूपमा प्रतिशत खुलेको शैक्षिक प्रमाणपत्रहरू पेस गर्नुपर्ने छ ।

(ङ) विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयवाट उत्तीर्ण भएका विद्यार्थीहरूले Transcript Equivalence को प्रमाणपत्र साथै स्पष्टरूपमा प्राप्ताङ्क प्रतिशत खुलेको कागजात पेश गर्नु पर्ने छ, अन्यथा निजको आवेदन रद्द हुनेछ ।

(च) स्नातकोत्तर तहको हकमा स्नातक वा सो सरहका सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरू ।

(११.२) नियम (११.१) बमोजिमको कागजातका अतिरिक्त आरक्षित उम्मेदवारले देहाय बमोजिमको सिफारिश पेश गनुपर्नेछ :

दलित/पूर्व कमैया/हलिया, जनजाति/आदिवासी, पिछडिएको क्षेत्र, अपाङ्ग, वेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवारका एकाघरका, द्ववन्द पिडित, विस्थापित, महिला, एकल महिला, जन अन्दोलन तथा मधेश आन्दोलनको घाइते परिवार, मधेसी, विपन्नवर्ग, मुसलमानलाई छुटयाइएको मुल्यांकन भार प्राप्त गर्न चाहने व्यक्तिले देहाय बमोजिमका निकायबाट आफु दलित/पूर्व कमैया/हलिया, जनजाति, पिछडिएको क्षेत्र, अपाङ्ग, वेपत्ता पारिएका व्यक्ति तथा शहिद परिवारका एकाघरका, महिला, एकल महिला, जन आन्दोलन तथा मधेश आन्दोलनको घाइते परिवार, मधेशी, विपन्न वर्ग, मुसलमान, द्वन्द पिडित, विस्थापित भएको प्रमाणित पत्र दरखास्त बुझाउने समयमा नै अनिवार्य पेश गर्नु पर्नेछ । माथि उल्लेखित प्रमाणित

पत्र र माग भएबमोजिमको शैक्षिक योग्यताका कागजातहरू शर्त राखि पछि पेश गरेमा सो दरखास्त अस्वीकृत हुनेछ ।

**सिफारिसको सम्बन्धमा :**

- अनुसूचि १ बमोजिमका दलित, अनुसूचि २ मा उल्लेखित जनजाति र पूर्व कमैया, हलिया, अपाङ, वेपता पारीएका व्यक्ति, सहिद परिवारका, द्वन्द पिडित, विस्थापित, पिछडिएको दुर्गम क्षेत्र, एकल महिला, जनआन्दोलनका घाइते परिवार, मधेसी, विपन्न वर्ग, मुसलमान आदिले सरकारी/ सामुदायिक विद्यालय वा सरकारी / सामुदायीक कलेज / क्याम्पस वा सो सरहका सम्बन्धित प्रमाणपत्रहरू **नेपाल सरकारको सम्बन्धित निकाय (गाँउ पालिका/नगरपालिका/इलाका प्रशासन कार्यालय/जिल्ला प्रशासन कार्यालय/मन्त्रालय) आदि बाट कम्तिमा राजपत्रांकीत तृतिय श्रेणीको (अधिकृत)** स्तरको कर्मचारीवाट प्रष्टरूपमा प्रमाणित गराई प्रमाण पत्र पेश गर्नु पर्नेछ । पिछडिएको जिल्लाको सुविधा प्राप्त गर्नका लागि सोही जिल्लाबाट एसइइ वा सो सरहका उत्तिर्ण गरेको हुनुपर्नेछ ।
- सिफारिसको हकमा विद्यार्थीले पेश गरेको प्रमाणपत्रहरू झूठो ठहरिएमा विद्यार्थी स्वयम् जिम्मेवार हुने र निज विद्यार्थीको छात्रवृति खारिज हुनेछ र विश्वविद्यालयको नियमानुसारको कडा कारबाही समेत हुनेछ ।

**१२. योग्यताक्रम प्रकाशित गर्ने :**

(१२.१) सम्बन्धित क्याम्पस/कलेजहरूमा कार्यक्रमगत रूपमा छात्रवृत्तिका उम्मेदवारहरूको योग्यताक्रम सूची छुट्टाछुट्टै प्रकाशन गरिनेछ।

(१२.२) छात्रवृत्ति प्राप्त विद्यार्थीले कबुलियत गर्नु पर्ने :

(क) छनौट भएको उम्मेदवारले अनुसूचि ४ बमोजिमको शर्तहरू पालना गर्ने गरी कवुलियत गर्नुपर्नेछ ।

(ख) छात्रवृत्तिको लागि छनौट भई सके पछि सम्बन्धित कार्यक्रम र शैक्षिक संस्था परिवर्तन नगरी तोकिएको शैक्षिक उपाधि हासिल गनुपर्नेछ ।

(ग) विश्वविद्यालय वा सम्बन्धित शैक्षिक सस्थाको प्रतिष्ठामा आँच पुयाउने किसिमको काम गरे गराएमा उपलब्ध गराइएको छात्रवृत्ति खारेज गरिनेछ ।

(१२.३) सम्बन्धित शैक्षिक संस्थाले विश्वविद्यालयको सम्बन्धित डीन सकायलाई हरेक सेमेष्टर / वर्षको छात्रवृत्ति अन्तरगतका विद्यार्थीहरूको प्रतिवेदन अनिवार्यरुपमा पठाउनु पर्ने छ ।

(१२.४) छात्रवृत्तिको सूचि प्रकाशित भएकोमा कसैको दाविविरोध भएमा सूचि प्रकाशित भएको १५ दिन भित्र सम्बन्धित नियकमा उजुरी गर्नु पर्ने छ अन्यथा प्रकाशित सूचि नै आधिकारीक हुनेछ ।

**१३. विनियमको व्याख्या र बाधा फुकाउने अधिकार :** यो विनियमको व्याख्या र विनियम प्रयोग गर्दा परेका बाधा अडकाउ फुकाउने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

**१४. यो विनियममा उल्लेख भएको दण्ड, सजाय र स्पष्ट हुन बाँकी रहेका विषयहरू विश्वविद्यालयले तोके बमोजिम रहनेछ ।**

१५. दलित, आदिवासी, जनजातीहरू अनुसूची १, २ बमोजिम हुनेछन् ।

**अनुसूची १**

दलितजातिको हकमा उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समितिले दलितवर्गमा राखेका देहायका जातिहरूलाई मानिएको छ : -

| | | | |
|---|---|---|---|
| १. लोहार | २. सुनार | ३. कामी | ४. दमाई |
| ५. साकी | ६. बादी | ७. गाइने | ८. कसाई |
| ९. कुसुले | १०. कुचे | ११. च्यामेः | १२. पोडे |
| १३. चमार | १४. धोवी | १५. दुसाध | १६. तत्मा |
| १७. डुम | १८. बातर | १९. खत्वे | २०. मुसहर |
| २१. सन्थाल | २२. सतार | २३. हलखोर (मेस्तर) | |

**अनुसूची २**

जनजातिको हकमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ को अनुसूचीमा उल्लेखित बमोजिमका जातिहरूलाई जनजातिको रूपमा लिइएको छ ।

| | | | |
|---|---|---|---|
| १. किसान | २. कुमाल | ३. कुशवाडिया | ४. कुसुन्डा |
| ५. गनगाई | ६. गुरुङ्ग | ७ चेपाङ्ग | ८. छन्त्याल |
| ९. छैरोतन | १०. जिरेल | ११. झागड | १२. डोल्प |
| १३. तामाङ | १४. ताजपुरीया | १५. ताडव | १६. तीनगाऊलेथकाली |
| १७. तोप्केगोला | १८. थकाली | १९. थामी | २०. थारू |
| २१. थुदाम | २२. दनुवार | २३. दराइ | २४. दुरा |
| २५. धानुक | २६. धिमाल | २७. नेवार | २८. पहारी |
| २९. फी | ३०. वनकरिया | ३१. बरामो | ३२. बाहगाउले |
| ३३. बोटे | ३४. भुजेल | ३५. भोटे | ३६. मगर |
| ३७. माझी | ३८. मार्फालीथकाली | ३९. मुगाली | ४०. मेचे |
| ४१. याक्खा | ४२. राई | ४३. राउटे | ४४. राजबशी (कोच) |
| ४५. राझी | ४६. लोर्क | ४७. लिम्बु | ४८. लेप्चा |
| ४९. ल्होपा | ५०. ल्होमीशिडसावा | ५१. वालुक्त | ५२. व्यासी |
| ५३. शेर्पा | ५४. सतार (सन्थालाी | ५५. सियार | ५६. सुनुवार |
| ५७. सुरेल | ५८. हायू | ५९. ह्या | |

# अनुसूची ३
# पूर्वाञ्चल विश्वविद्यालय
## विज्ञान तथा प्रविधि, इन्जिनियरिङ्ग संकाय, चिकित्साशास्त्र संकाय
## छात्रवृत्ति छनौट समिति

कार्यालय प्रयोजनको लागि

दर्ता नः

मिति :

रोल नम्बरः

## छात्रवृत्ति दरखास्त फाराम

दुवै कान देखिने हालै खिचेका पासपोट साइजका फोस टासी मुखाकृत नबिग्रिने गरी फोटो र फाराममा पर्ने गरी परीक्षार्थीले दस्तखत गर्ने

श्री पूर्वाञ्चल विश्वविद्यालय
……….. सकाय छात्रवृति छनौट समिति
विराटनगर, मोरङ, नेपाल।

पूर्वाञ्चल विश्वविद्यालय प्रवेश परीक्षा समितिको मिति ……………… मा प्रकाशित सूचना अनुसार निम्न बमोजिम विवरण खोली दरखास्त पेश गरेको छु ।

१) नाम, थर (नेपाली):
(अगेजीमा):
नोट : नाम र थर बीचको एक कोठा खाली छोडनुहोस् (Block Letter) मा लेख्नुहोला ।

२. लिङ्ग : स्त्री ☐ पुरुष : ☐

३. जाति :

४. स्थायी ठेगानाः जिल्ला :
गाविस/नपाः वडा :

५. अस्थायी ठेगाना : जिल्ला :
गाविस/नपा : वडा :

६. सम्पर्क फोन नं ७. मोवाईल न :

८. बुबाको नामः ९. आमाको नामः

१०. बाजेको नामः

११. आरक्षित समूहमा परेको प्रमाण पत्र राखी (√) चिन्ह लगाउनुहोस् ।
(क) दलित ☐ (ख) जनजाति ☐ (ग) दुर्गम ☐
(घ) अपाङ्ग ☐ (ङ) महिला ☐ (च) विपन्न वर्ग ☐
(छ) बेपत्ता पारिएका तथा शहिद परिवार ☐
(ज) जनआन्दोलन तथा मधेश आन्दोलनका घाईते ☐
(झ) मधेशी ☐ (ज) मुसलमान ☐
(ट) द्वन्द पिडित तथा बिस्थापित ☐
(ठ) पूर्व कमैया हलिया ☐ (ङ) एकल महिला ☐

**शैक्षिक योग्यता सम्बन्धी विवरण**

| क.सं. | उतीर्ण गरेको परीक्षा | शिक्षण संस्था | शिक्षण संस्थाको ठेगाना | उत्तीर्ण साल | कूल पूर्णाङ्क | कूल प्राप्ताङ्क | प्रतिशत | ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | एसइइ वा सो सरह | | | | | | | | |
| २. | +2 science/A level | | | | | | | | |
| ३. | स्नातक तह वा सो सरह | | | | | | | | |

**संलग्न कागजपत्रहरू (√ चिन्ह लगाउने)**

१) रकम बुझाएको रसिद

२) नागरिकताको प्रतिलिपि,

३) एस एल सी/एसइइ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको प्रमाणपत्रहरू तथा विद्यालयले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

४) प्रमाणपत्र तह वा +२ वा सो सरहको परीक्षामा प्राप्ताङ्क एकिकृत अभिलेख (Transcript) र सम्बन्धित शैक्षिक संस्थाले दिएको चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

५) स्नातक वा सो सरहका सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरू

६) विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयवाट उतीर्ण भएका विद्यार्थीहरूले Transcript Equivalence को प्रमाण पत्र साथै स्पष्टरूपमा प्राप्तङ्क प्रतिशत खुलेको कागजात पेश गर्नु पर्ने छ, अन्यथा निजको आवेदन रद्द हुनेछ ।

७) विद्याथीहरूले उतिर्ण गरेको तहको प्रष्टरूपमा प्रतिशत खुलेको शैक्षिक प्रमाणपत्रहरू पेस गर्नुपर्ने छ ।

८) प्रमाण पत्रको प्रतिलिपिहरू भरिएको विवरण र पेश गरिएका कागजातहरू सवै ठीक छन् । झुटा ठहरिए प्रचलित कानून बमोजिम सजाय भोग्न तयार छु । साथै कुनै पनि सम्बन्धन प्राप्त कलेज/क्याम्पस/स्कुलको सम्बन्धित कार्यक्रममा भर्नाको लागि आवेदन गरेको वा भर्ना भएको पाइएमा र रीत नपुगेको निवेदन कुनै पनि समय रद्द गरिएमा कहि कतै उजुरी गर्ने छैन।

उम्मेदवारको ल्याप्चे सहिछाप : उम्मेदवारको दस्तखत :

मिति :

| दायाँ | बायाँ |
|---|---|
| | |

# अनुसूची ४

**कवुलियतनामा**

श्री ......................................... को नाती/नातिनी श्री ............................................... को छोरा/ छोरी ................................ प्रदेश नम्बर/अञ्चल ...............................जिल्ला ...................... गा.पा. न. पा./उमनपा/मनपा ...................................... वडामा मिति .......................................... जन्म भएको म ................................ पूर्वाञ्चल विश्वविद्यालयबाट मिति .......................... मा ................... कार्यक्रम ..................................... (शैक्षिक संस्था) मा अध्ययन गर्नको लागि छात्रवृत्तिमा छनौट भएकोले अध्ययन अवधि र अध्ययन पुरा नभएसम्म पूर्वाञ्चल विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी विनियम बमोजिमका सर्तहरू पालन गर्नको लागि यो कवुलियतनामा गरी पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धित संकाय डीनको कार्यालयमा बुझाए ।

छात्रवृत्ति पाउनेको
सही
नामः
ठेगानाः
मितिः